# अर्थ बुलेटिन

वर्ष ५ अंक ४ कात्तिक, २०८०


## नेपाल सरकार
## अर्थ मन्त्रालय



### सम्पादकीय

- आर्थिक वर्ष २०८०/८१ को कात्तिक महिनासम्म कुल राजस्व परिचालन ३.२ प्रतिशत र संघीय सरकारको कुल खर्च १.३ प्रतिशतले वृद्धि भएको छ। पुँजीगत खर्चमा भने थप सुधार गर्नुपर्ने देखिन्छ।
- कुल वस्तु नीर्यात र वस्तु आयात दुवै घटेकाले वस्तु व्यापार घाटा २.१ प्रतिशतले सुधार भएको छ।
- वैदेशिक रोजगारमा जान श्रम स्वीकृति लिने कामदारको सङ्ख्यामा केहि कमी भएता पनि विप्रेषण आप्रवाहमा भने बढेको छ। पर्यटन आगमनमा उल्लेख्य वृद्धि भएको छ।
- वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति वाञ्छित सीमा भित्र रहेको छ। चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा रहेका छन्। फलस्वरुप, विदेशी मुद्रा सञ्चिति उल्लेख्य वृद्धि भएको छ। सञ्चिति पर्याप्तता सूचकाङ्क सुधार हुँदै गएको छ।
- चालु आर्थिक वर्षको सुरुवात देखिनै वाह्य क्षेत्र मजबुत हुँदै आएको छ।
- समग्रमा लक्ष्य बमोजिम राजस्व सङ्कलन गर्न तथा पूँजीगत खर्च बढाउनेतर्फ थप प्रयास गर्नुपर्ने देखिन्छ। साथै, बाह्य क्षेत्र सन्तुलनलाई कायम राखिराख्न वित्त तथा मौद्रिक नीतिबीचको सामञ्जस्यता प्रभावकारी बनाउँदै लैजानुपर्ने देखिन्छ।


**प्रकाशन तथा सम्पादन**

आर्थिक नीति विश्लेषण महाशाखा

सिंहदरवार, काठमाडौं


## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०८०/८१ को कात्तिक महिनासम्मा संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु. ३ खर्ब ५० अर्ब ९९ करोडको तुलनामा १.३ प्रतिशतले वृद्धि भई रु. ३ खर्ब ५५ अर्ब ६३ करोड पुगेको छ। कुल खर्च मध्ये चालु खर्च रु. २ खर्ब ७१ अर्ब १७ करोड, पूँजीगत खर्च रु. २९ अर्ब ९९ करोड र वित्तीय व्यवस्था तर्फ रु. ५४ अर्ब ४७ करोड रहेको छ। यस अवधिको चालु खर्चमा ३.६ प्रतिशतले कमी आएको छ भने पूँजीगत र वित्तीय व्यवस्था तर्फको खर्चमा क्रमशः १४.० प्रतिशत र २५.८ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (क): पछिल्लो ५ वर्षको कात्तिक महिनासम्मको खर्चको स्थिति (रु. करोडमा)**

| विवरण/ आ.व. | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| चालु | १९६९०.६७ | २३०१२.२० | २३३५०.७९ | २८१३८.६१ | २७११७.४७ |
| पूँजीगत | २४८३.५५ | २९४४.५२ | २०७९.२१ | २६२९.६१ | २९९८.९४ |
| वित्तीय व्यवस्था | ४२७.३५ | ९५०.३१ | ३३२३.९२ | ४३३०.५१ | ५४४६.९९ |
| **कुल** | **२२६०१.५७** | **२६९०७.०३** | **२८७५३.९२** | **३५०९८.७३** | **३५५६३.४०** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

२. चालु आर्थिक वर्षको कात्तिकसम्मको कुल संघीय सरकारी खर्चमध्ये सबै भन्दाबढी कात्तिक महिनाको खर्च ४१.१ प्रतिशत र सबैभन्दा कम साउन महिनाको खर्च ९.९ प्रतिशत रहेको छ।

**तालिका (ख) : चालु आर्थिक वर्षको संघीय सरकारी खर्चको मासिक विवरण (रू. करोडमा)**

| महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | १२१३.५८ | ८२.३१ | २२०७.८१ | ३५०३.७० | ०.०९९ |
| भदौ | ७५५२.७७ | ७३४.०८ | १३२३.५८ | ९९३०.२३ | ०.२७९ |
| असोज | १२५७२.६९ | ९६६.९२ | १४०३.५१ | १४६२३ | ०.४११ |
| कात्तिक | ५७७८.४३ | १२१५.६३ | ५१२.०९ | ७५०६.१५ | ०.२११ |
| **जम्मा** | **२७११७.४७** | **२९९८.९४** | **५४४६.९९** | **३५५६३.४०** | **१.०००** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

### राजस्व परिचालन

३. आर्थिक वर्ष २०८०/८१ को कात्तिक महिनासम्ममा संघीय सरकारको कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको कुल राजस्व रु. २ खर्ब ६८ अर्ब ७ करोडको तुलनामा ३.२ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ७६ अर्ब ६४ करोड सङ्कलन भएको छ। कुल राजस्वमा कर राजस्व रु. २ खर्ब ५४ अर्ब ३० करोड र गैरकर राजस्व रु. २२ अर्ब ३४ करोड रहेको छ। साथै, यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रु.२ खर्ब ९२ अर्ब ९० करोड भएको छ।



http://www.mof.gov.np इमेल: epad@mof.gov.np फोन नं.: ०१-४२११३२६ फ्याक्स नं. : ०१-४२११३२५

**तालिका (ग): पछिल्लो ५ आर्थिक वर्षको पहिलो चार महिनाको राजस्व परिचालनको स्थिति (रु. करोडमा)**

| क्र.सं./आ.व. | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| कर | २३२२३.५५ | २२६०३.९३ | ३०५३९.८५ | २४५७८.६८ | २५४३०.२२ |
| गैरकर | १५५६.८६ | १४११.३५ | २८९१.५४ | २२२८.४९ | २२३३.७८ |
| **जम्मा** | २४७८०.४१ | २४०१५.२८ | ३३४३१.३९ | २६८०७.१७ | २७६६४.०० |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।


**चार्ट (क): पछिल्लो ५ आर्थिक वर्षको पहिलो चार महिनाको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोडमा)**





स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

४. आर्थिक वर्ष २०७९/८० मा कात्तिकसम्म राजस्व सङ्कलनमा १९.८ प्रतिशतले कमी आएको थियो भने चालु आर्थिक वर्षमा समग्र राजस्व सङ्कलनमा ३.२ प्रतिशतले वृद्धि भएको छ। चालु आर्थिक वर्षमा सरकारले करसुधार अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको सूचीमा संशोधन गरेको कारण अन्तःशुल्क सङ्कलनमा कमी आएको हो।

**चार्ट (ख): पछिल्लो २ आर्थिक वर्षको कात्तिक महिना सम्मको सङ्कलित राजस्वको संरचना**




**आ.व. २०७९/८०**




**आ.व. २०८०/८१**

स्रोतः अर्थ मन्त्रालय।

५. गत आर्थिक वर्षको पहिलो चार महिनाको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिको कुल राजस्वमा भन्सार महशुल, आय कर र शिक्षासेवा शुल्कको योगदान वृद्धि भएको छ भने गैर कर, अन्तःशुल्क र मूल्य अभिवृद्धि करको हिस्सा घटेको छ।

**तालिका (घ): पछिल्लो दुई आर्थिक वर्षको कात्तिक महिनासम्मको राजस्व असुलीको विवरण (रू. करोडमा)**

| कर शीर्षक | आ.व. २०७९/८० कात्तिकसम्मको सङ्कलन | आ.व. २०८०/८१ वार्षिक लक्ष्य | आ.व.२०८०/८१ कात्तिकसम्मको लक्ष्य | असूली | कात्तिकसम्मको लक्ष्यको तुलनामा असूली % | वार्षिक विन्दुगत प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | **५६२९.४३** | **३०७४३.७७** | **१०४४१.०३** | **६११८.०६** | **५८.६** | **८.७** |
| **मूल्य अभिवृद्धि कर** | **८६७२.२७** | **४२५८९.१४** | **११३३०.८७** | **८७३३.२४** | **७७.१** | **०.७** |
| उत्पादन, बिक्री, सेवा | ३४५०.७८ | १५७२१.६२ | ३६४४.१८ | ३४१८.३२ | ९३.८ | -०.९ |
| पैठारी | ५२२१.४९ | २६८६७.५२ | ७६८६.६९ | ५३१४.९२ | ६९.१ | १.८ |
| **अन्तःशुल्क** | **४८६५.०४** | **२०७२२.१४** | **५२१०.५१** | **४४४५.७५** | **८५.३** | **-८.६** |
| आन्तरिक उत्पादन | ३७१७.४६ | १५५५८.५५ | ३६०६.३८ | ३१९३.६९ | ८८.६ | -१४.१ |
| पैठारी | ११४७.५९ | ५१६३.५९ | १६०४.१३ | १२५२.०६ | ७८.१ | ९.१ |
| **शिक्षा सेवा शुल्क** | **५०.८७** | **२८१.०२** | **६५.१४** | **१२१.०१** | **१८५.८** | **१३७.९** |
| **आयकर** | **५३६१.०८** | **३६२११.८९** | **८३९३.७१** | **६०१२.१५** | **७१.६** | **१२.१** |
| आयकर | ३९८१.७३ | ३०२३१.६२ | ७००७.५१ | ४४२०.१३ | ६३.१ | ११.० |
| ब्याज कर | १३७९.३५ | ५९८०.२७ | १३८६.१९ | १५९२.०२ | ११४.८ | १५.४ |
| **कर राजस्व जम्मा** | **२४५७८.६८** | **१३०५४७.९६** | **३५४४१.२६** | **२५४३०.२१** | **७१.८** | **३.५** |
| **गैर कर जम्मा** | **२२२८.४८** | **११७०६.२१** | **२९५९.०३** | **२२३३.७८** | **७५.५** | **०.२** |
| **कूल राजस्व** | **२६८०७.१७** | **१४२२५४.१७** | **३८४००.२९** | **२७६६३.९९** | **७२.०** | **३.२** |
| **अन्य प्राप्ति** | **२३९०.५६** | **0.00** | **0.00** | **१६२५.७९** | | **-३२.०** |
| **जम्मा राजस्व/प्राप्ति** | **२९१९७.७२** | **१४२२५४.१७** | **३८४००.२९** | **२९२८९.७८** | **७६.३** | **०.३** |

स्रोतः अर्थ मन्त्रालय।

#भन्सार महशुल अन्तर्गत पैठारी, निकासी, पूर्वाधार कर, भन्सारको अन्य आय, कृषि सुधार शुल्क, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार दस्तुर समावेश गरिएको।

६. गत आर्थिक वर्षको कात्तिक महिनासम्मको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा शिक्षा सेवा शुल्कमा उल्लेख्य वृद्धि भएको छ भने आन्तरिक तर्फको अन्तशुल्क सङ्कलनमा उल्लेख्य कमी आएको छ। अन्य शीर्षकका कर सङ्कलनमा वृद्धि भएको छ।

७. चालु आर्थिक वर्षको कात्तिक महिनासम्म शिक्षा सेवा शुल्क र ब्याज कर सङ्कलन लक्ष्यभन्दा बढी भएको छ। यस अवधिको कुल राजस्व लक्ष्यको ७२.० प्रतिशत सङ्कलन भएको छ भने वार्षिक राजस्व लक्ष्यको १९.४ प्रतिशत राजस्व सङ्कलन भएको छ।

## संघीय राजस्व

८. चालु आर्थिक वर्षको पहिलो चार महिनामा संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू. २ खर्ब ३० अर्ब ९० करोडको तुलनामा ४.३ प्रतिशतले वृद्धि भई रू. २ खर्ब ४० अर्ब ८६ करोड रहेको छ। यस अवधिमा आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर र आन्तरिक तर्फको अन्तःशुल्क सङ्कलनमा कमी आएका कारण प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको रू. ३७ अर्ब १७ करोडको तुलनामा ३.७ प्रतिशतले कमी आई रू. ३५ अर्ब ७८ करोड रहेको छ।

## करको दायरा विस्तार

९. २०८० कात्तिकसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ५७ लाख ९७ हजार ३ सय ४६ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ३८ लाख ४८ हजार ९ सय ७५ (६६.४ प्रतिशत) पुगेको छ। त्यस्तै, व्यावसायिक स्थायी लेखा नम्बर लिने १९ लाख १८ हजार १ सय ३८ (३३.१ प्रतिशत) र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बर ३० हजार २ सय ३३ (०.५ प्रतिशत) रहेको छ। यस अवधिसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख १८ हजार ३ सय ६२ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख २१ हजार ३ सय १६ पुगेको छ।

तालिका (ङ): व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण

| दर्ताको प्रकार | २०८० असारसम्म | २०७९/८० कात्तिकसम्म | २०८०/८१ कात्तिकसम्म | हालसम्मको जम्मा |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | १८७६३०५ | ५४९२९ | ४१८३३ | १९१८१३८ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर | २८१०७ | ३९७२ | २१२६ | ३०२३३ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | ३६४९६१४ | १९२३३६ | १९९३६१ | ३८४८९७५ |
| **जम्मा स्थायी लेखा नम्बर** | **५५५४०२६** | **२५१२३७** | **२४३३२०** | **५७९७३४६** |
| मू.अ.कर | ३०८४७७ | ८७७० | ९८८५ | ३१८३६२ |
| अन्तः शुल्क | ११६६७५ | ५४०८ | ४६४१ | १२१३१६ |

स्रोतः आन्तरिक राजस्व विभाग ।


#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहयोग तथा सार्वजनिक ऋण

१०. आर्थिक वर्ष २०८०/८१ को कात्तिक महिनासम्म वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको तुलनामा ६०.८ प्रतिशतले कमी आई रु. ४० अर्ब ६९ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वैदेशिक सहायता प्रतिवद्धता रु. १ खर्ब ३ अर्ब ९३ करोड रहेको थियो।

११. कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये अनुदान सहायता ३५.१ प्रतिशत र ऋण सहायता ६४.९ प्रतिशत प्राप्त भएको छ। यस अवधिमा प्राप्त भएको वैदेशिक सहायता प्रतिवद्धतामध्ये सबैभन्दा बढी स्वास्थ्य क्षेत्रमा ४०.९ प्रतिशत रहेको छ। कुल सहायता प्रतिवद्धतामध्ये सबैभन्दा बढी विश्व बैंक, एशियाली विकास बैंक र युरोपियन युनियनबाट क्रमशः ३३.७ प्रतिशत, ३२.४ प्रतिशत र २६.१ प्रतिशत रहेको छ।

चार्ट (ग): चालु आर्थिक वर्षको कात्तिक महिनासम्मको कुल वैदेशिक सहायता प्रतिवद्धताको क्षेत्रगत संरचना (प्रतिशतमा)




स्रोतः अर्थ मन्त्रालय।


१२. चालु आर्थिक वर्षको कात्तिक महिनासम्म आन्तरिक ऋणतर्फ रु.४२ अर्ब ८४ करोड र बाह्य ऋणतर्फ रु.१२ अर्ब ६१ करोड गरी कुल साँवा भुक्तानी रु.५५ अर्ब ४५ करोड रहेको छ। यसैगरी, यस अवधिमा आन्तरिक ऋणतर्फ रु.२२ अर्ब ६२ करोड र बाह्य ऋणतर्फ रु.३ अर्ब ५८ करोड गरी कुल ब्याज भुक्तानी रु.२६ अर्ब २० रहेको छ।

१३. चालु आर्थिक वर्षको पहिलो चार महिनामा संघीय सरकारले कुल रु. २ अर्ब ७६ करोड वैदेशिक अनुदान प्राप्त गरेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा रु.३ अर्ब ४२ करोड वैदेशिक अनुदान प्राप्त गरेको थियो।

१४. संघीय सरकारले आर्थिक वर्ष २०८०/८१ को पहिलो चार महिनामा आन्तरिक ऋणतर्फ रु.९७ अर्ब ३१ करोड परिचालन गरेको छ। त्यसैगरी, यस अवधिमा रु.१५ अर्ब ८५ करोड बराबरको बाह्य ऋण प्राप्त भएको छ। समग्रमा, यस अवधिमा सरकारले रु.१ खर्ब १३ अर्ब १६ करोड बराबरको सार्वजनिक ऋण परिचालन गरेको छ।

१५. २०८० कात्तिकसम्म सरकारको कुल तिर्न बाँकी सार्वजनिक ऋण रु.२३ खर्ब ५७ अर्ब ७ करोड पुगेको छ। जसमध्ये आन्तरिक ऋण ५०.२ प्रतिशत र बाह्य ऋण ४९.८ प्रतिशत रहेको छ। २०७९ कात्तिकसम्म संघीय सरकारको कुल तिर्न बाँकी ऋण रु.१९ खर्ब ९६ अर्ब ८७ करोड रहेको थियो। जसमध्ये आन्तरिक ऋण ४८.० प्रतिशत र बाह्य ऋण ५२.० प्रतिशत रहेको थियो।

### चार्ट (घ): तिर्न बाँकी ऋणको अवस्था(रु. करोडमा)




स्रोत: सार्वजनिक ऋण व्यवस्थापनको कार्यालय।

## वित्तीय क्षेत्र

१६. आर्थिक वर्ष २०८०/८१ को कात्तिक महिनासम्म बैङ्क तथा वित्तीय क्षेत्रमा रहेको निक्षेप २.७ प्रतिशतले वृद्धि भएको छ भने निजी क्षेत्रतर्फ प्रवाहित कर्जा २.१ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा बैङ्क तथा वित्तीय क्षेत्रमा रहेको निक्षेप ०.९ प्रतिशतले वृद्धि भएको थियो भने निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १.५ प्रतिशतले वृद्धि भएको थियो। यस अवधिमा वार्षिक विन्दुगत आधारमा निक्षेप तथा निजी क्षेत्रमा अने कर्जा प्रवाह क्रमशः १४.३ प्रतिशत र ४.४ प्रतिशतले वृद्धि भएको छ।

१७. २०७९ कात्तिक मसान्तसम्म बैङ्क तथा वित्तीय संस्थाको सङ्ख्या १२५ रहेकोमा गाभ्ने/गाभिने प्रक्रिया मार्फत् २०८० कात्तिकसम्म यस्तो संख्या ११२ कायम भएको छ। २०७९ असोज मसान्तसम्म बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ११,६३२ रहेकोमा २०८० भदौमसान्तमा ११,५५५ कायम रहेको छ।

## बीमा क्षेत्र

१८. चालु आर्थिक वर्षको कात्तिक महिनासम्म जारी भएको कुल बीमालेख सङ्ख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १.७ प्रतिशतले कमी आई १ करोड ४६ लाख १४ हजार २ सय ४९ रहेको छ। जसमध्ये जीवन बीमालेख (म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख सहित) र निर्जीवन बीमालेखको हिस्सा क्रमशः ९३.९ प्रतिशत र ६.१ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा पनि उक्त हिस्सा क्रमशः ९३.८ प्रतिशत र ६.२ प्रतिशत रहेको थियो।

१९. यस अवधिमा सङ्कलन भएको बीमा प्रिमियम रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.७५ प्रतिशतले वृद्धि भई रु.६२ अर्ब १९ करोड रहेको छ। गत आर्थिक वर्षमा उक्त रकम रु.५९ अर्ब ३७ करोड रहेको थियो।


२०. यस अवधिको बीमा प्रिमियम रकममा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ७९.५ प्रतिशत र २०.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको कात्तिक महिनासम्म उक्त हिस्सा क्रमशः ७७.५ प्रतिशत र २२.५ प्रतिशत रहेको थियो।

२१. चालु आर्थिक वर्षको कात्तिक महिनासम्म जारी भएको म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख समेत समावेश गर्दा बीमाको दायरामा आएको जनसङ्ख्या ४२.९८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त जनसङ्ख्या ४३.७८ प्रतिशत रहेको थियो। बीमितहरुले आफुले लिएको बीमालेख समर्पण गरेको कारण बीमाको दायरामा आएको जनसङ्ख्या घटेको हो।

## पूँजी बजार

२२. २०७९ कात्तिक मसान्तमा १९११.२६ विन्दुमा रहेको नेप्से सूचकाङ्क २०८० कात्तिक मसान्तमा १८५२.०९ विन्दु कायम भएको छ। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण ३.७ प्रतिशतले वृद्धि भई रु. २८ खर्ब ५३ अर्ब १ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम २९.८ प्रतिशतले न्यून भई रु. २७ खर्ब ५२ अर्ब २४ करोड रहेको थियो।


### चार्ट (ङ): पछिल्लो ५ आर्थिक वर्षको कात्तिक मसान्तको नेप्से सूचकाङ्क




स्रोत: नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

२३. २०८० कात्तिक महिनाको १ गते १९०७.९० विन्दुमा रहेको नेप्से सूचकाङ्क विभिन्न उतार चढावको बीच महिनाको अन्तिम कारोवार भएको दिन कात्तिक २३ गते १८५२.०९ विन्दु कायम भएको छ। कात्तिक महिनामा नेप्से सूचकाङ्क सबैभन्दा बढी कात्तिक १ गते १९०७.९० विन्दु र सबैभन्दा कम कात्तिक १९ गते १८२६.२४ विन्दुमा रहेको थियो।

चार्ट (च): २०८० कात्तिक महिनाको नेप्से सूचकाङ्क





स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## मूल्य स्थिति

२४. २०८० कात्तिक महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति ५.३८ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो मुद्रास्फिति ८.०८ प्रतिशत रहेको थियो।

चार्ट (छ):वार्षिक बिन्दुगत उपभोक्ता मुद्रस्फीति (प्रतिशतमा)




स्रोतः नेपाल राष्ट्र बैंक।

२५. २०८० कात्तिकमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ६.०१ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति ४.८९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ७.३८ प्रतिशत र ८.६३ प्रतिशत रहेको थियो ।

## मुद्रा प्रदाय

२६. वार्षिक विन्दुगत आधारमा २०८० कात्तिक मसान्तमा विस्तृत मुद्राप्रदाय १४.२ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०८०/८१ को पहिलो चार महिनामा विस्तृत मुद्रा प्रदाय ३.७ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्रा प्रदाय १.० प्रतिशतले बढेको थियो।

## बाह्य क्षेत्र

२७. आर्थिक वर्ष २०७६/७७ देखि २०७८/७९ सम्मको पहिलो चार महिनासम्मको कुल वस्तु निर्यात वृद्धि हुँदै गएकोमा त्यसपछिका आर्थिक वर्षहरुमा घट्दो प्रवृत्तिमा रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा निर्यात आयात-अनुपात १२.६ प्रतिशत रहेको थियो भने कुल व्यापारमा निर्यातको अंश ११.२ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो चार महिनामा यस्तो अनुपात क्रमशः ९.९ प्रतिशत र ९.० प्रतिशत रहेको छ।

**तालिका (च): पछिल्लो पाँच आर्थिक वर्षको कात्तिक महिनासम्मको वस्तु व्यापारको विवरण**

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| आयात | ४५०२९.९ | ४०२४८.९ | ६५०२९.२ | ५३२६९.२ | ५१२५०.३ |
| निर्यात | ३६२७.९१ | ४०१९.९९ | ८२१२.३६ | ५४७७.४५ | ५०५६.४६ |
| कुल व्यापार | ४८६५७.८ | ४४२६८.९ | ७३२४१.६ | ५८७४६.७ | ५६३०६.८ |
| व्यापार घाटा | **४१४०२** | **३६२२९** | **५६८१७** | **४७७९२** | **४६१९४** |
| निर्यात आयात अनुपात (प्रतिशतमा) | ८.१ | १० | १२.६ | १०.३ | ९.९ |
| कुल व्यापारमा निर्यातको अंश (प्रतिशतमा) | ७.५ | ९.१ | ११.२ | ९.३ | ९ |
| कुल व्यापारमा आयातको अंश (प्रतिशतमा) | ९२.५ | ९०.९ | ८८.८ | ९०.७ | ९१ |

स्रोत: भन्सार विभाग।

## वस्तु निर्यात

२८. आर्थिक वर्ष २०८०/८१ को पहिलो चार महिनामा कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७.७ प्रतिशतले कमी भई रु. ५० अर्ब ५६ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात ३३.३ प्रतिशतले न्यून भई रु. ५४ अर्ब ७७ करोड रहेको थियो। यस अवधिमा फलामे पाता, प्लाइउड, फलफुलको जुस, अलैंची लगायतका वस्तुको निर्यातमा वृद्धि भएको छ भने प्रशोधित पाम तेल, सेन्थेटिक यार्न, ऊनी गलैंचा कार्पेट लगायतका वस्तुको निर्यात घटेको छ। विगतका वर्षमा पाम तेल र भटमासको प्रशोधित तेलको निर्यात उच्च भएर कुल वस्तु निर्यात उच्च दरले वृद्धि भए तापनि हाल ती वस्तुको निर्यात उच्च दरले घटेको छ।

२९. यस अवधिको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निर्यातको अंश क्रमशः ६५.३ प्रतिशत, १.६ प्रतिशत र ३३.१ प्रतिशत रहेको छ। गत आर्थिक वर्ष यस्तो निर्यात क्रमशः ७०.५ प्रतिशत, ०.४ प्रतिशत र २९.१ प्रतिशत प्रतिशत रहेको थियो।

३०. यस अवधिमा भारततर्फ भएको निर्यात १४.४ प्रतिशतले कमी आएको छ भने चीन तर्फको निर्यात ३०७.९ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (छ): पछिल्लो दुई आर्थिक वर्षको कात्तिक महिनासम्म निर्यात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)**

| वस्तु | २०७९/८० | २०८०/८१ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| फलामे पाता | १७१.३६ | ४०४.३९ | १३६.० |
| सेन्थेटिक यार्न | ३८७.४९ | ३८२.६८ | -१.२ |
| उनी गलैंचा कार्पेट | ३९३.१२ | ३७०.५१ | -५.८ |
| तयारी कपडा | ३१२.३६ | ३४५.०४ | १०.५ |
| फलफुलको जुस | १९६.१७ | २८४.९७ | ४५.३ |
| प्लाइउड | १००.७१ | २३२.९८ | १३१.३ |
| अलैची | १९६.२६ | २१५.६१ | ९.९ |
| प्रशोधित पाम तेल | १००२.६१ | १८८.५ | -८१.२ |
| जमोठ कपडा | १९८.७८ | १८७.८४ | -५.५ |
| जुटका बुनिएका कपडा | १६८.८५ | १५५.०८ | -८.२ |
| अन्य | २३४९.७४ | २२८८.८६ | -२.६ |
| **जम्मा** | **५४७७.४५** | **५०५६.४६** | **-७.७** |

**स्रोत: भन्सार विभाग ।**

## वस्तु आयात

३१. आर्थिक वर्ष २०८०/८१ को कात्तिक महिनासम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.८ प्रतिशतले संकुचित भई रु. ५ खर्ब १२ अर्ब ५० करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात १८.१ प्रतिशतले कमी आई रु. ५ खर्ब ३२ अर्ब ६९ करोड रहेको थियो।

३२. चालु आर्थिक वर्षको पहिलो चार महिनासम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा एच.आर सीट, तयारी कपडा, डिए.पी मल लगायतका वस्तुको आयात बढेको छ भने यस अवधिमा सुन, एलपी ग्यास, डिजेल लगायतका वस्तुको आयात घटेको छ।

३३. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूतर्फको आयातको अंश क्रमशः ६१.३ प्रतिशत, १९.५ प्रतिशत र १९.२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६१.० प्रतिशत, १४.० प्रतिशत र २५.० प्रतिशत रहेको थियो।

३४. यस अवधिमा भारत आयात तर्फको आयात २.५ प्रतिशतले घटेको छ भने चीन तर्फको आयात र ३४.४ प्रतिशतले वृद्धि भएको छ।

तालिका (ज) : पछिल्लो दुई आर्थिक वर्षको कात्तिक महिनासम्म आयात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)


| वस्तु | २०७८/७९ | २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | ४४२८.५३ | ४०३१.२५ | -९.० |
| पेट्रोल | २३६९.७१ | २२८७.२८ | -३.५ |
| एल पि ग्यास | १९६४.५ | १५४५.८८ | -२१.३ |
| तयारी कपडा | १०१६.८४ | १५०८.६१ | ४८.४ |
| एच.आर.सिट | १६१.२२ | १३९६.१२ | ७६६.० |
| शुद्ध फलाम | १२३२.९३ | १२०१.९५ | -२.५ |
| मोवाइल टेलिफोन | ११०३.८४ | ११९१.८४ | ८.० |
| सुन | १९७८.७१ | ८९०.७४ | -५५.० |
| अन्य एलोपेथीक औषधी | ७६६.२९ | ८७१.४६ | १३.७ |
| डीए पी मल | ६४१.१९ | ८६२.१८ | ३४.५ |
| अन्य | ३७६०५.४४ | ३५४६३.०१ | -५.७ |
| **जम्मा** | **५३२६९.२०** | **५१२५०.३२** | **-३.८** |

स्रोतः भन्सार विभाग ।

## व्यापार सन्तुलन

३५. आर्थिक वर्ष २०८०/८१ को कात्तिक महिनासम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.३ प्रतिशतले कमी आई रु.४ खर्ब ६१ अर्ब ९४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा १५.९ प्रतिशतले घटेर रु.४ खर्ब ७७ अर्ब ९२ करोड पुगेको थियो।


चार्ट (ज):पछिल्लो ५ आर्थिक वर्षको पहिलो चार महिनाको वस्तु व्यापार घाटाको स्थिति (रु अर्बमा)




स्रोतः भन्सार विभाग

३६. आर्थिक वर्षमा २०७८/७९ मा कात्तिक महिनामा व्यापार घाटा उच्च भएको थियो भने त्यसपछिका आर्थिक वर्षमा वस्तु व्यापार घाटामा सुधार हुँदै गएको छ।

चार्ट (झ): पछिल्लो ५ आर्थिक वर्षको पहिलो चार महिनाको कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश (प्रतिशतमा)




स्रोतः भन्सार विभाग

३७. नेपालको कुल व्यापारमा निर्यातको अंश न्यून रहेको छ। विगत पाँच आर्थिक वर्षको पहिलो चार महिनामा कुल व्यापारमा निर्यातको हिस्सा आर्थिक वर्ष २०७८/७९ सम्म वृद्धि हुँदै आएकोमा त्यस पछिका वर्षमा पुनः घट्न थालेको छ। चालु आर्थिक वर्षको कात्तिक महिनासम्मको कुल व्यापारमा निर्यात र आयातको अंश क्रमशः ९.० प्रतिशत र ९१.० प्रतिशत रहेको छ।

## सेवा व्यापार

३८. आर्थिक वर्ष २०८०/८१ को पहिलो चार महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको सेवा आय रु. ५५ अर्ब ४७ करोडको तुलनामा ३१.२ प्रतिशतले वृद्धि भई रु.७२ अर्ब ७६ करोड पुगेको छ। यस अवधिमा सेवा खर्च रु.८२ अर्ब २५ करोडको तुलनामा २२.८ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ९७ करोड पुगेको छ।

३९. आर्थिक वर्ष २०८०/८१ को कात्तिक महिनासम्म खुद सेवा आय रु.२८ अर्ब २० करोडले घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रु.२६ अर्ब ७६ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

४०. चालु आर्थिक वर्षको कात्तिक महिनासम्म वैदेशिक रोजगारमा जाने कामदारको सङ्ख्यामा घटेपनि विप्रेषण आप्रवाहमा भने उल्लेख्य वृद्धि भएको छ। आर्थिक वर्ष २०८०/८१ को कात्तिक महिनासम्ममा विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको रु.३ खर्ब ७८ अर्ब ५ करोडको तुलनामा २६.४ प्रतिशतले बढेर रु.४ खर्ब ७७ अर्ब ९६ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २०.४ प्रतिशतले वृद्धि भएको थियो। यस अवधिको विप्रेषण आप्रवाह अमेरिकी डलरमा २३.१ प्रतिशतले वृद्धि भएको छ।

४१. चालु आर्थिक वर्षको पहिलो चार महिनामा वैदेशिक रोजगारीमा जान अन्तिम श्रम स्वीकृति लिएका नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २७.० प्रतिशतले कमी आई २ लाख ६ हजार ३ सय १६ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या २ लाख ८२ हजार ६ सय २४ रहेको थियो। यस अवधिमा पुनः श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या २१.३ प्रतिशतले घटेर ६८ हजार २८ सय ४१ रहेको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

४२. आर्थिक वर्ष २०८०/८१ को कात्तिक महिनासम्म शोधनान्तर स्थिति रु. १ खर्ब ४७ अर्ब ११ करोड बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु. २० अर्ब ३ करोडले बचतमा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता रु. ९६ अर्ब ३८ करोडले बचतमा रहेको छ। गत वर्षको सोही अवधिमा चालु खाता रू. ३७ अर्ब ७९ करोडले घाटामा रहेको थियो।

४३. आर्थिक वर्ष २०८०/८१ को कात्तिक महिनासम्म शोधनान्तर स्थिति अमेरिकी डलरमा १ अर्ब ११ करोड बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति १४ करोडले ९६ लाख बचतमा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता अमेरिकी डलरमा ७२ करोड ५१ लाखले बचतमा रहेको छ। गत वर्षको सोही अवधिमा चालु खाता २९ करोड ६१ लाखले घाटामा रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

४४. आर्थिक वर्ष २०८०/८१ को कात्तिक महिनासम्म विदेशी विनिमय सञ्चिति गत वर्षको सोही अवधिको रू. १२ खर्ब ४६ अर्ब २७ करोडको तुलनामा ३६.१ प्रतिशतले वृद्धि भई रू १६ खर्ब ९६ अर्ब ७८ करोड कायम भएको छ।

४५. आर्थिक वर्ष २०८०/८१ को कात्तिक महिनासम्म विदेशी विनिमय सञ्चिति अमेरिकी डलरमा गत वर्षको सोही अवधिको ९ अर्ब ६० करोडको तुलनामा ३२.८ प्रतिशतले वृद्धि भई १२ अर्ब ७५ करोड कायम भएको छ।

४६. आर्थिक वर्ष २०८०/८१ को पहिलो चार महिनासम्मको आयातलाई आधार मान्दा बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १३.६ महिनाको वस्तु आयात र ११.३ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ।

## विनिमय दर


४. २०८० असार मसान्तको तुलनामा २०८० कात्तिक मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ १.१८ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१३२.७४ पुगेको छ। २०८० असार मसान्तमा उक्त विनिमय दर रु. १३१.१७ रहेको थियो।

## अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

५. आर्थिक वर्ष २०८०/८१ को कात्तिक महिनासम्म दर्ता भएका कम्पनीको संख्या अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ७.१ प्रतिशतले कमी आई ८०८० रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कम्पनी दर्ता ३०.३ प्रतिशतले न्यून भई ८६९९ रहेको थियो।

चार्ट (ञ): पछिल्लो पाँच आर्थिक वर्षको पहिलो चारमहिनाको कम्पनी दर्ताको प्रवृत्ति (सङ्ख्यामा)




स्रोत: कम्पनी रजिष्ट्रारको कार्यालय ।

## पर्यटक आगमन

४७. सन् २०२३ को नोभेम्वर महिनासम्म नेपाल आउने पर्यटकको सङ्ख्या उल्लेख्य वृद्धि भई ९ लाख १८ हजार ३ सय ८ पुगेको छ। गत वर्षको सोही अवधिमा उक्त सङ्ख्या ५ लाख ४६ हजार २ सय १६ रहेको थियो। २०२३ अगष्ट, सेप्टेम्बर र अक्टोवर र नोभेम्वर महिनाको कुल पर्यटक आगमन ३ लाख ८४ हजार १ सय १ रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिको पर्यटक आगमन २ लाख ६० हजार ८ सय ५३ रहेको थियो।

४८. चालु आर्थिक वर्षको पहिलो चार महिनासम्ममा पर्यटन क्षेत्रबाट प्राप्त भएको हुने भ्रमण आय ४७.२ प्रतिशतले वृद्धि भई रु.२५ अर्ब ७४ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो आय रु.१७ अर्ब ४९ करोड प्राप्त भएको थियो।

४९. यस अवधिमा भ्रमण खर्च ६५.० प्रतिशतले वृद्धि भई रु.६१ अर्ब ९२ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो भ्रमण खर्च रू.३७ अर्ब ५४ करोड रहेको थियो।

## विद्युत खपत

५०. २०८० को असोज महिनामा कुल विद्युत उपलब्धता ११ लाख ८५ हजार १ सय ३० मेगावाट घण्टा रहेको थियो। यस अवधिको कुल विद्युत माग ८ लाख ६ हजार ८ सय २१ मेगावाट घण्टा रहेको थियो। उपलब्ध विद्युत मध्ये ८ लाख ५ हजार ७ सय ६ मेगावाट घण्टा विद्युतको आन्तरिक खपत भएको थियो भने ३ लाख ७९ हजार ४ सय २४ मेगावाट घण्टा विद्युत भारत निर्यात गरिएको थियो।

| समष्टिगत आर्थिक परिसूचकहरू | | | | | |
|---|---|---|---|---|---|
| सूचक/परिसूचकहरू | आर्थिक वर्ष २०८०/८१ | | | | |
| | मान/ प्रतिशत | साउनसम्म | भाद्रसम्म | असोजसम्म | कात्तिकसम्म |
| **वास्तविक क्षेत्र** | | | | | |
| आर्थिक वृद्धि (%) | प्रतिशतमा | वार्षिक लक्ष्य ६.० प्रतिशत | | | |
| **उपभोक्ता मुद्रास्फीति** | **प्रतिशतमा** | **७.५%** | **८.२%** | **७.५%** | **५.४%** |
| खाद्य तथा पेय पदार्थ | प्रतिशतमा | ९.०% | ९.७% | ८.४% | ६.०% |
| गैर खाद्य तथा सेवा | प्रतिशतमा | ६.४% | ७.०% | ६.८% | ४.९% |
| **सार्वजनिक वित्त** | | | | | |
| कर राजस्व | रु. करोडमा | ७०१७.५२ | १२७९५.६८ | १९९४६.२१ | २५४३०.२१ |
| गैर कर राजस्व | रु. करोडमा | ८६९.८९ | १३१२.०५ | १९६५.३० | २२३३.७८ |
| **कूल राजस्व** | **रु. करोडमा** | **७८८७.४१** | **१४१०७.७२** | **२१९११.५१** | **२७६६३.९९** |
| अन्य प्राप्ति | रु. करोडमा | ९२६.४८ | १३१५.८८ | १५४५.५५ | १६२५.७९ |
| **जम्मा राजस्व/प्राप्ति** | **रु. करोडमा** | **८८१३.८९** | **१५४२३.६१** | **२३४५७.०६** | **२९२८९.७८** |
| **बाँटफाँट हुने राजस्व (प्रदेश र स्थानीय तहमा (बाँडफाँट अघिको रोयल्टी समेत))** | **रु. करोडमा** | **९५३.४२** | **१७९९.७७** | **२८००.२३** | **३५५७.८९** |
| **संघीय सरकारको राजस्व** | **रु. करोडमा** | **७८६०.४७** | **१३६२३.८४** | **१९१११.२८** | **२४०८५.९१** |
| चालु खर्च | रु. करोडमा | १२१३.५८ | ८७६६.३५ | २१३३९.०४ | २७११७.५ |
| पूँजीगत खर्च | रु. करोडमा | ८२.३१ | ८१६.३९ | १७८३.३१ | २९९८.९४ |
| वित्तीय व्यवस्था | रु. करोडमा | २२०७.८१ | ३५३१.३९ | ४९३४.९० | ५४४६.९९ |
| **कुल सार्वजनिक खर्च** | **रु. करोडमा** | **३५०४** | **१३११४** | **२८०५७.३** | **३५५६३.४** |
| प्रदेशमा हस्तान्तरित अनुदान रकम | **रु. करोडमा** | | | **२५६१.४** | **१०२५६.७** |
| स्थानीय तहमा हस्तान्तरित अनुदान रकम | **रु. करोडमा** | | | **८६४७.१** | **३२२७.७९** |
| **प्रदेशमा र स्थानीय तहमा हस्तान्तरित अनुदान रकम** | **रु. करोडमा** | | | **११२०८.६** | **१३४८४.५** |
| तिर्न बाँकी आन्तरिक ऋण | रु. करोडमा | ११२००८.५७ | ११४०५३.०३ | ११८३५७.२१ | ११८३५७ |
| तिर्न बाँकी बाह्य ऋण | रु. करोडमा | ११७१७२.८८ | ११७३७४.६७ | ११७१०२.३१ | ११७३५० |
| **कुल तिर्न बाँकी सार्वजनिक ऋण** | **रु. करोडमा** | **२२९१८१** | **२३१४२८** | **२३५४६०** | **२३५७०७** |
| आन्तरिक ऋण प्राप्ति | रु. करोडमा | १३०६.०० | ४४२६.०० | ९७३१.०० | ९७३१ |
| बाह्य ऋण प्राप्ति | रु. करोडमा | २७१.८४ | ८१४.२४ | ९४७.८० | १५८५.३ |
| **ऋण प्राप्ति (आन्तरिक र वाह्य)** | **रु. करोडमा** | **१५७८** | **५२४०** | **१०६७९** | **११३१६.३** |
| आन्तरिक ऋणको सावाँ भुक्तानी | रु. करोडमा | २२०७.८१ | ३२८३.३५ | ४२८४.१७ | ४२८४.१७ |
| बाह्य ऋणको सावाँ भुक्तानी | रु. करोडमा | १२३.८३ | ४६४.४४ | ८७०.३६ | १२६०.५१ |
| **आन्तरिक र बाह्यऋणको सावाँ भुक्तानी** | **रु. करोडमा** | **२३३१.६४** | **३७४७.७९** | **५१५४.५** | **५५४४.६८** |
| अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्वता | रु. करोडमा | १०६३.०० | १०६३.०० | **१३७८.२** | **४०६८.९१** |
| स्थायी लेखा नम्बर | (सङ्ख्यामा) | ५६३१२१९ | ५६९२६८० | ५७६८०३४ | ५७९७३४६ |
| **सार्वजनिक वित्त, प्रतिशत परिवर्तन (वार्षिक बिन्दुगत)** | | | | | |
| कर राजस्व | प्रतिशतमा | -०.७% | -२.१% | ५.३% | ३.४६% |
| गैर कर राजस्व | प्रतिशतमा | -४.२% | ०.१% | २.३% | ०.२४% |
| **कूल राजस्व** | **प्रतिशतमा** | **-१.१%** | **-१.९%** | **५.०%** | **३.२०%** |

| समष्टिगत आर्थिक परिसूचकहरू | | | | | |
|---|---|---|---|---|---|
| सूचक/परिसूचकहरू | आर्थिक वर्ष २०८०/८१ | | | | |
| | मान/ प्रतिशत | साउनसम्म | भाद्रसम्म | असोजसम्म | कात्तिकसम्म |
| अन्य प्राप्ति | प्रतिशतमा | -११.६% | -२८.६% | -३२.१% | -३१.९९% |
| **जम्मा राजस्व/प्राप्ति** | **प्रतिशतमा** | **-२.३%** | **-४.९%** | **१.४%** | **०.३२%** |
| **संघीय सरकारको राजस्व** | **प्रतिशतमा** | **११४.५%** | **-१९.४%** | **-४.६%** | **४.३%** |
| चालु खर्च | प्रतिशतमा | ११४.५% | -१९.४% | -४.६% | -३.६% |
| पूँजीगत खर्च | प्रतिशतमा | -४४.६% | ३९.३% | -९.४% | १४.१% |
| वित्तीय व्यवस्था | प्रतिशतमा | ४६.१% | ७८.८% | ४२.१% | २५.८% |
| **कुल सार्वजनिक खर्च** | **प्रतिशतमा** | **५७.४%** | **-२.४%** | **०.९%** | **१.३%** |
| मुद्रा तथा बैंकिङ | | | | | |
| विस्तृत मुद्राप्रदाय (M2) (वार्षिक बिन्दुगत) | प्रतिशतमा | १०.८% | १२.०% | १४.०% | १४.२% |
| संकुचित मुद्राप्रदाय (M1) (वार्षिक बिन्दुगत)) | प्रतिशतमा | -९.८% | -३.९% | ३.४% | ५.४% |
| एम ३ (M3) (वार्षिक बिन्दुगत) | प्रतिशतमा | १०.८% | १२.०% | १३.९% | १४.२% |
| निक्षेप परिचालन (वार्षिक बिन्दुगत) | प्रतिशतमा | ११.९% | १३.२% | १४.९% | १४.३% |
| कुल आन्तरिक कर्जा (वार्षिक बिन्दुगत) | प्रतिशतमा | ७.३% | ७.६% | ९.०% | ८.८% |
| निजी क्षेत्रमा प्रवाह भएको कर्जा (वार्षिक बिन्दुगत) | प्रतिशतमा | ३.८% | ४.०% | ४.८% | ४.४०% |
| निक्षेपको व्याजदर (वाणिज्य बैंक) | प्रतिशतमा | ८.०% | ८.१% | ७.९०% | ७.७६% |
| कर्जाको व्याजदर (वाणिज्य बैंक) | प्रतिशतमा | १२.२% | १२.२% | १२.११% | ११.९६% |
| औषत आधारदर (वाणिज्य बैंक) | प्रतिशतमा | १०.१% | १०.१% | ९.९४% | ९.७४% |
| वैक तथा वित्तीय संस्थाहरुको शाखा सञ्जाल (सङ्ख्यामा) | (सङ्ख्यामा) | ११५७४ | ११५६७ | ११५७८ | ११५५५ |
| नेप्से सुचकाङ्क (मासिक कारोबार भएको अन्तिम दिनको) | रुपैंयामा | २०३३ | १९६५ | १८६५ | १८५२ |
| बजार पूँजीकरण | रु. करोडमा | ३०४३०१ | २९६१३४ | २८६१५२ | २८५३०१ |
| बीमा प्रिमियम सङ्कलन | रु. करोडमा | २३५९ | ३६२२ | ५१२६ | ६२१८ |
| बीमाको दायरामा आएको जनसङ्ख्या (म्यादि, लघुम्यादि बैदेशिक रोजगार जीवन बीमालेख सहित) | प्रतिशतमा | ४४.० | ४२.२ | ४३.४ | ४३.० |
| बाह्य क्षेत्र | | | | | |
| चालु खाता | रु. करोडमा | १२९८.५० | २३४९.७१ | ५९०९.३३ | ९६३८.०१ |
| चालु खाता (अमेरिकी डलरमा) | मिलियनमा | ९८.४७ | १७७.७० | ४४५.२० | ७२५.१२ |
| शोधनान्तर स्थिति | रु. करोडमा | ३२९०.०७ | ५३६०.६४ | ९९०६.५७ | १४७१०.९९ |
| शोधनान्तर स्थिति (अमेरिकी डलरमा) | मिलियनमा | २४९.४९ | ४०५.६० | ७४७.१८ | ११०७.८६ |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) | रु. करोडमा | ११६०१.९१ | २२८३७.१३ | ३६५३३.९२ | ४७७९६.४५ |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) (अमेरिकी डलरमा) | मिलियनमा | ८७९.७८ | १७२६.७५ | २७५५.९९ | ३६०१.५१ |
| कुल विदेशी विनिमय सञ्चिति | रु. करोडमा | १५७३१२ | १५९८९० | १६४३०९ | १६९६७८ |
| कुल विदेशी विनिमय सञ्चिति (अमेरिकी डलरमा) | मिलियनमा | ११८५२.०७ | १२०१२.७८ | १२३३०.९१ | १२७५३.८९ |
| विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु आयात) | महिनामा | १२.५ | १२.६ | १२.४ | १३.६ |

| समष्टिगत आर्थिक परिसूचकहरू | | | | | |
|---|---|---|---|---|---|
| सूचक/परिसूचकहरू | आर्थिक वर्ष २०८०/८१ | | | | |
| | मान/ प्रतिशत | साउनसम्म | भाद्रसम्म | असोजसम्म | कात्तिकसम्म |
| विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा आयात) | महिनामा | १०.३ | १०.३ | १०.३ | ११.३ |
| कुल वस्तु निर्यात | रु. करोडमा | १३५२.८७ | २६४४.७० | ४०८७.४९ | ५०५६ |
| कुल वस्तु आयात | रु. करोडमा | १२९२३.९० | २५९७४.९९ | ४०७७५.९० | ५१२५० |
| कुल वस्तु व्यापार घाटा | रु. करोडमा | ११५७१.०३ | २३३३०.२९ | ३६६८८.४१ | ४६१९४ |
| वैदेशिक लगानी आप्रवाह | रु. करोडमा | २६४.६२ | २९९.८१ | ३३७.१० | ३६४.१० |
| भ्रमण आय | रु. करोडमा | ४३८.९८ | ९३३.६१ | १७०१.६१ | २५७३.५४ |
| भ्रमण खर्च | रु. करोडमा | १७२५.५८ | ३५५९.५० | ५१८०.२९ | ६१९२.३६ |
| बाह्य क्षेत्र, प्रतिशत परिवर्तन (वार्षिक बिन्दुगत) | | | | | |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) | प्रतिशतमा | २५.८% | २२.१% | ३०.०% | २६.४% |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) (अमेरिकी डलरमा) | प्रतिशतमा | २१.५% | १७.७% | २५.९% | २३.१% |
| कुल विदेशी विनिमय सञ्चिति | प्रतिशतमा | ३१.३% | ३४.५% | ३१.८% | ३६.१% |
| कुल विदेशी विनिमय सञ्चिति (अमेरिकी डलरमा) | प्रतिशतमा | २५.८% | २८.५% | ३०.४% | ३२.८% |
| वस्तु निर्यात | प्रतिशतमा | -१.६% | -५.१% | १.७% | -७.७% |
| वस्तु आयात | प्रतिशतमा | -८.७% | -७.८% | -२.३% | -३.८% |
| वस्तु व्यापार घाटा | प्रतिशतमा | -०.७% | -४.७% | २.१% | -३.३% |
| अन्य | | | | | |
| कम्पनी दर्ता | सङ्ख्यामा | २१०२ | ४३९५ | ६९७५ | ८०८० |
| विनिमय दर ( $1 = रु. ...) | रुपैयामा | १३२.४३ | १३२.८० | १३२.९५ | १३२.७४ |
| विद्युत् उपलब्धता, मासिक कुल | मेगावाट घण्टा | १४६८४८३ | १४५१०५२ | १४५६२९४ | ११८५१३० |
| विद्युत् निर्यात , मासिक कुल | मेगावाट घण्टा | २५०४६१ | ३०३६९४ | ४०९६८८ | ३७९४२४ |
| विद्युत् आयात , मासिक कुल | मेगावाट घण्टा | १०५०१ | १४४२ | ४४२ | ० |
| कुल विद्युत माग, मासिक कुल | मेगावाट घण्टा | १४७५७५८ | १४५३२१७ | १०४९९३५ | ८०६८२१ |
| विद्युतको आन्तरिक खपत, मासिक कुल | मेगावाट घण्टा | १२१८०२२ | ११४७३५८ | १०४६६०५ | ८०५७०६ |
| पर्यटक आगमन | सङ्ख्यामा | ६७१५३ | १५८१६५ | २७५४७१ | ३८४१०१ |
| श्रम स्वीकृति (नयाँ र पुनःश्रम स्वीकृति) लिने नेपाली | सङ्ख्यामा | ५५५७५ | १०६४५९ | १६२६९४ | २०६३१६ |

संकलनः Economic Lab, EPAD (MoF)